स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कार्तिक ६ गते भाइटिकाको दिन रिलिज हुन लागेको नेपाली चलचित्र 'सोल्टिनी' ले नयाँ गीत 'बाचुन्जेल पो' सार्वजनिक गरिएको छ। गीतमा शब्द तथा सङ्गीत प्रशान्त सिवाकोटीको छ भने स्वर प्रशान्त सिवाकोटी र झुमा लिम्बुले दिएका छन्। गीतले चलचित्रको भावनात्मक कथालाई झल्काउने प्रयास गरेको छ। चलचित्र 'सोल्टिनी'को कथा जसले सामाजिक विभेद, समुदायबिचको असमानता र प्रेममा देखिने सङ्घर्षलाई उजागर गर्छ।

आजको विचार...



सवैधानिक...
(दुई पेजमा)

खिमलाल देवकोटा



कात्तिक २१ गतेबाट प्रदर्शन हुन लागेको फिल्म हो 'मन बिनाको धन'। प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले फिल्मको नयाँ पोस्टर सार्वजनिक गरेको छ। फिल्मका मुख्य अभिनेता तथा गायक अशोक दर्जीलाई केन्द्रमा राखिएको पोस्टरमा आँसु र हाँसोको मिश्रण देखिन्छ। अशोक ओठमा हाँसोसहित आँखाबाट अश्रुधारा बगाउँदै देखिएका छन्। यसले फिल्ममा अशोकको सङ्घर्ष र सफलताको कथा रहेको सङ्केत गर्छ। फिल्मका निर्देशक टंक बुढाथोकी हुन्।

❒ वर्ष ३१ अंक ८८ ❒ २०८२ कात्तिक २ गते आइतबार 19 october 2025, sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# नेपालीको दोस्रो ठूलो चाड तिहार सुरू, आज काग तिहार

हाम्रा संवाददाता

**पाल्पा,** कात्तिक १/प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि सुरु हुने नेपालीको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् तिहार सुरु भएको छ । कात्तिक कृष्ण त्रयोदशीदेखि पाँच दिनसम्म मनाइने यो पर्वको पहिलो दिन आज काग तिहार मनाइँदै छ । यमराजको सन्देशवाहकका रूपमा कागलाई लिने गरिन्छ । सधैँ शुभ समाचार मात्र ल्यायोस् भन्दै कागलाई यस दिन मिठा खानेकुरा दिने प्रचलन छ ।

शनिबार दिउँसो १:२३ बजेसम्म द्वादशी र त्यसपछि त्रयोदशी तिथि लाग्ने भएकाले सोही दिनदेखि नेपालीको दोस्रो ठूलो चाड तिहार पर्व सुरु भएको हो । काग तिहार भने आज अर्थात् आइतबार परेको हो । बेलुकी त्रयोदशी तिथि परेका दिन धनत्रयोदशी एवं यमदीपदान पर्व



मनाउने शास्त्रीय मान्यता छ । सायंकालमा त्रयोदशी भएका दिन यमदीपदान सुरु गर्नुपर्ने र प्रात: अर्थात् सूर्योदयकालमा त्रयोदशी भएका दिन काग तिहार मनाउनुपर्ने शास्त्रीय मान्यता अनुसार यस्तो निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । यमपञ्चकका अवसरमा यमदीपदान गरे यमयातनाबाट मुक्ति पाइने विश्वास छ । धनवन्तरी जयन्ती आजै परेको छ । तिथिको घटबढका कारण सोमबार कुकुर तिहार र लक्ष्मीपूजा एकै दिन परेको पनि समितिले जनाएको छ । यमदीपदान परिवारका सदस्य सङ्ख्याका आधारमा गरिन्छ । यमदीपदान गर्दा दक्षिण फर्काएर गर्नुपर्ने समितिले जनाएको छ । कात्तिक ३ गते दिउँसो २:५२ बजेसम्म चतुर्दशी र त्यसपछि औँसी तिथि लाग्ने भएकाले लक्ष्मीपूजा पनि यसै दिन गर्नुपर्दछ । रातमा औँसी तिथि परेका दिन लक्ष्मीपूजा गर्ने शास्त्रीय विधि रहेको छ । यस वर्ष कात्तिक ४ गते मङ्गलबार औँसी तिथि दिउँसो ४:२९ बजेसम्म परेको छ । यस दिन तिहारका कुनै पनि पर्व परेको छैन । कात्तिक ४ गते यमपञ्चक अर्थात् तिहारको मध्य समय परेपनि शास्त्रले तोके अनुसार कुनै कर्म परेको छैन । गाईगोरु एवं गोवर्द्धन पूजा कात्तिक ५ गते बुधबार परेको छ । हलितिहार, बलीपूजा र आत्म (म्ह) पूजा र नेपाल संवत् ११४६ आरम्भ यसै दिन परेको छ । कार्तिक शुक्ल प्रतिपदाका दिन गाई, गोरु, गोवर्द्धन र आत्म (म्ह) पूजा गर्नुपर्ने शास्त्रीय वचन छ । प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचन अनुसार नेपाल संवत् ११४५ यसै दिनदेखि सुरु हुन्छ । कात्तिक ६ गते बिहीबार भाइटीका लगाउनुपर्ने समितिले जनाएको छ । यस दिन बिहान ११:३९ बजे भाइटीकाको शुभ साइत रहेको छ । भाइटीका लगाइ माग्ने दाजुभाइ पश्चिम फर्केर बस्नुपर्छ । लगाइदिने दिदीबहिनी भने पूर्व फर्कनुपर्ने जनाइएको छ । सर्वसाधारणका लागि मध्याह्नकालमा टीका लगाउनु पनि शास्त्रसम्मत् नै हुने जनाइएको छ । झिलीमिलीको चाड भनिने तिहारका अवसरमा एक हप्ता अघिदेखि प्रमुख शहरहरुमा थरी थरीका बत्ती बाल्न सुरु भइसकेको छ । बत्तीको उज्यालोले शहरमा घुम्दा समेत मन आनन्दित हुन्छ । केहीले आश्विन शुक्ल पूर्णिमा अर्थात् कोजाग्रत पूर्णिमाकै दिनदेखि दीपावलीलाई निरन्तरता दिन्छन् । कोजाग्रत पूर्णिमामा लक्ष्मीको पूजा गरी त्यसै दिनदेखि दीपावलीलाई निरन्तरता दिने क्रम पनि शहरी क्षेत्रमा बढ्न थालेको छ ।

## संक्षिप्त समाचार

### पाकिस्तानको हवाई आक्रमणमा ७० को मृत्यु

(रासस/सिन्ह्वा)

**इस्लामाबाद,** कात्तिक १/पाकिस्तानले अफगानिस्तानसँगको सिमावर्ती क्षेत्रमा गरेको हवाई आक्रमणमा ७० भन्दा बढी आतङ्ककारीको ज्यान गएको छ । सुरक्षा स्रोतहरूका अनुसार, यो कारबाही प्रतिबन्धित आतङ्ककारी समूह तेहरीक-ए-तालिबान पाकिस्तान (टीटीपी) को एक समूहविरुद्ध गरिएको हो । उत्तर वजीरिस्तान र दक्षिण वजीरिस्तानका सिमावर्ती क्षेत्रमा आधारित विश्वसनीय गुप्त सूचनाका आधारमा पाकिस्तानले सटीक हवाई कारबाही सञ्चालन गरेको हो । आक्रमणमा समूहका मुख्य नेतासहित ठूलो सङ्ख्यामा आतङ्ककारी मारिएका स्रोतहरूले बताएका छन् । हाल टीटीपीसँग युद्धविराम कायम भए पनि उक्त समूहले पाकिस्तानका विभिन्न स्थानहरूमा आक्रमण जारी राखेको जनाइएको छ । शुक्रबार उत्तर वजीरिस्तानमा भएको एक सवारी बम विस्फोटमा एक सुरक्षाकर्मीको ज्यान गएको थियो भने केही अन्य घाइते भएका थिए । सुरक्षा निकायका अनुसार पछिल्ला ४८ घण्टामा आतङ्ककारीहरू अफगानिस्तानबाट पाकिस्तानमा आक्रमण गर्न आएका थिए ।

**जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो ।**

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराधसंहिता, २०७४ को दफा १२५ मा

-पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,

-दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंयासम्म जरिवाना,

-त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिवाना,

-जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।

त्यसैले जुवातास नखेलौं-नखेलाऔं, कानूनी कारवाहीबाट बचौं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## 'समाज रुपान्तरण अहिलेको आवश्यकता हो, हामी यही अभियानमा छौं'

**पाल्पा,** कार्तिक १/लुम्बिनी प्रदेश सांसद वीरबहादुर रानाले समाज रुपान्तरण अहिलेको आवश्यकता रहेको भन्दै आफुहरु सोही अभियानमा लागेको बताएका छन् । शुक्रबार क्रियटिभ डेमोक्रेटिभ इभेन्ट म्यानेजमेन्ट सामाजिक संस्थाले आयोजना गरेको औपचारिक कार्यक्रमलाई तानसेनमा सम्बोधन गर्दै उनले आफुहरु समाज रुपान्तरणमा लागेको बताएका हुन् ।




संस्थाका संरक्षक समेत रहेका रानाले विकास र निर्माणका साथै आम जनसमुदायमा परेका समस्याको पहिचान गरी समाधान गर्न, समाजमा देखिएकोव्याप्त अनियमितताको अन्त्य गरी समाजलाई रुपान्तरण गर्ने अभियानका रुपमा संस्था स्थापना गरेर अगाडि बढेको स्पष्ट पारे । संस्थाका अध्यक्ष अध्यक्ष अजयमान कर्माचार्यले संस्थाले विभिन्न खालका इभेन्टको व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिनुका साथै हरेक किसिमका अनियमिततामा निरानी गर्ने, समाजमा मित्रताभावको प्रवर्द्धनमा सहयोगी बन्ने उद्देश्यका संस्था स्थापना भएको बताए । संस्थाका सचिव अर्जुन कार्कीले संस्था स्थापनाको विषयमा संक्षिप्त जानकारी दिदै संस्थाले हालसम्म गरेका कामको बारेका जानकारी गराए । संस्थाका उपाध्यक्ष राजु महर्जनले संस्था स्थापना गर्दा पाल्पा र आसपासका क्षेत्रमा हुने सामाजिक गतिविधिलाई नियालेर आम सर्वसाधारणका जनचासो र समस्याका विषयमा नजिकबाट निगरानी गर्ने कार्य शुरु गरेको बताए । संस्थाको विधान मसौदा समितिका संयोजक राज कार्कीले संस्थाको विधान निर्माण भएको र अब निकट भविष्यमै जिल्ला प्रशासन कार्यालय पाल्पाबाट सामाजिक संस्था दर्ता गरी नयाँ सोंचका साथ अगाडि बढ्ने योजना रहेको उल्लेख गरे । शिक्षासेवी लक्ष्मण बस्यालले कार्यक्रम माथि प्रकाश पारेका थिए । कार्यक्रममा युवा, स्थानीय व्यवसायी, प्राध्यापक, शिक्षक र समाजका प्रतिष्ठित व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । संस्थाले सार्वजनिक रुपमा औपचरिक कायक्रम गरेर आफ्ना भावी योजना समेत सार्वजनिक गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## काग तिहारको धार्मिक महत्व

हिन्दू धर्मावलम्बीहरुको अर्को महान पर्व बडादशैं सकिएको लगभग दुई सातापछि नै आउने तिहारको पहिलो दिन आज यमराजको दूत कागको पूजा गरि मनाइँदै छ । काग तिहारको दिनमा यमराजको सन्देश वाहकको रुपमा कागलाई सम्मानको साथ पूजाआजा गरेर खानेकुरा दिने चलन रहेको छ । हाम्रो नेपाली समाजमा कागलाई सन्देश वाहक प्राणीको रुपमा लिइन्छ । अझै पनि गाँउ–घरमा आफ्नो घर अगाडि आएर काग करायो भने केही सन्देश ल्याएको वा घरमा पाहुना आउने जानकारीको दिएको मानिन्छ । कागले विशेषगरी अशुभ सन्देश छिटो ल्याउने जनविश्वास रहेको छ ।

धर्मशास्त्र अनुसार नरक लोकका अधिपति यमराजले पृथ्वी लोकमा भएका मानिस लगायत सम्पूर्ण जीवित प्राणीको जन्म मृत्युको विवरण राख्ने गर्दछन् । त्यस्तो विवरण ल्याउने र लैजाने काम भने कागले गर्ने गरेको मान्यता रहेको छ । आकाश मार्गबाट छिटो सन्देश ल्याउने लाने भएकाले यमराजले कागलाई आफ्नो दूत नियुक्त गरेका हुन । तर काग तिहारमा भने यी सबै नकारात्मक मान्यताहरूलाई बिर्सिएर कागको पूजा गरिन्छ । काँ काँ गरेर चर्को र झर्कोलाग्दो स्वरमै भएपनि कागले सन्देश बोकेर ल्याउने जनश्रुति रहेको छ । आजको दिन कागलाई पूजाआजा नगरे र खान नदिए पापको भागी भइन्छ भन्ने धार्मिक मान्यता छ । त्यसैले कागतिहारमा कागलाई घरआँगनमा बोलाई घरमा बनेका खाद्यान्न परिकार खान दिइन्छ । यस दिनमा बिहानैदेखि कागको पूजा गरिन्छ, घरबाहिर पात या दुना टपरीमा विभिन्न खाना राखेर कागलाई खान दिइन्छ । कागको पूजाआजा गर्दै आँउदो वर्षभरि कागले आफ्नो घरआँगनमा राम्रो र सुखद खबरमात्रै ल्याओस् भनेर कामना गरिन्छ । त्यस्तै प्रकृतिको लागि पनि काग एउटा नभई नहुने पन्छी हो । यसले हाम्रो ‘इकोसिस्टम’मा पनि ठूलो योगदान दिन्छ । हामीले लगाएको बालीनालीलाई हानी गर्ने किरा फट्याङ्गाहरुलाई खाइदिएर कागले अन्न उत्पादन बढाउन सहयोग गर्छ । यसर्थ काग तिहारको प्राकृतिक तथा धार्मिक रुपमा महत्वपूर्ण भूमिका रहेको छ ।

### Opinion @ Social Network

सबै संग सबै गुण हुँदैन
तिमी संग सुन्दरता होला
म संग ईमानदारिता छ ।

(निरुता रावलको **फेसबुक स्टाटसबाट** *www.facebook.com/Niruta.Rawal*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सवैधानिक–राजनीतिक संकट : अधुरो क्रान्ति र अधुरो संविधान



**खिमलाल देवकोटा**

नेपालको राजनीतिक इतिहास क्रान्ति, संक्रमण र संकटको चक्रले घेरिएको छ । ०६५ जेष्ठ १५ गते राजतन्त्रको उन्मूलन र संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भएदेखि, देशले शासनमा बारम्बार गतिरोध, अस्थिर सरकार र संवैधानिक विवादहरूको सामना गर्नु परेको छ । लगभग एक दशक लामो शान्ति प्रक्रिया पछि ०७२ असोज ३ मा नेपालले जनताद्धारा निर्वाचित संविधानसभावाट आफ्नो नयाँ संविधान जारी गरे पनि, यो दस्तावेज पूर्ण सहमतिको सट्टा असहमति र भिन्न मतका बीचबाट सबैले आ–आफना ठाउँबाट सम्झौता गर्दै बनेका कारण सम्पूर्णरुपमा विवादको केन्द्र बनेको छ । संविधानमा सबैभन्दा आलोचनात्मक दृष्टिकोण माओवादी पंक्तिको छ किनकि उसले परिवर्तनका धेरै मुद्दा थाति राख्दै गणतन्त्र घोषणाको मुल्यमा अन्य राज्य संरचना र शासकीय सुधारका थुप्रै मामलाहरुमा सम्झौता गर्नु परेको थियो । नेपालको राजनीतिक संकट संवैधानिक संकटसँग अभिन्नरूपमा जोडिएको छ । नेपालको सामाजिक–राजनीतिक व्यवस्थाको अपूर्ण रूपान्तरणको अभिव्यक्तिको रूपमा देखा पर्दछ । माओवादी दृष्टिकोणले यी संकटहरूलाई संस्थागत वा कानुनी समस्याका रूपमा मात्र नभई वर्ग, जाति, जातीयता र क्षेत्रीय असमानतामा जरा गाडेको गहिरो संरचनात्मक विरोधाभासहरूको प्रतिबिम्बको रूपमा पनि व्याख्या गर्दछ । मुख्यत: द्वन्द्वका कारणहरुको पहिचान भैकन पनि तिनको सही सम्वोधन गर्न नसकेका कारण यो परिणाम भोग्न परेको अर्थमा पनि लिन सकिन्छ । यस आलेखमा माओवादी दृष्टिकोणमार्फत नेपालमा राजनीतिक र संवैधानिक संकटहरू बीचको द्वन्द्वात्मक सम्वन्धसहितको विश्लेषण गर्ने प्रयास गरिएको छ । कसरी माओवादीको क्रान्तिकारी विचारधारा, शान्ति वार्तामा सहभागिता र संविधान लेखनमा संलग्नताले नेपालको राज्य पुनरसंरचनाको स्वरुप निर्धारण गर्छ ? यसका साथै हालै देखा परेका चुनौतिहरुको कारण र समाधानका उपायका बारेमा समेत यस आलेखमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**ऐतिहासिक पृष्ठभूमि र राजनीतिक दृष्टिकोण :** माओवादी जनयुद्ध राजतन्त्रको अन्त्य गर्ने सबै सामन्ती संरचनाहरू भत्काउने र ‘नयाँ जनवादी गणतन्त्र’ स्थापना गर्ने घोषित उद्देश्यका साथ ०५२ साल फागुन १ गते सुरु भएको थियो । माओवादी जनयुद्धमा सामन्ती निरंकुश राजतन्त्रको अन्त्यसँगै केन्द्रीकृत राजतन्त्रात्मक राज्यलाई जनगणतन्त्रले प्रतिस्थापन गर्ने, एकात्मक राज्यसत्ताको अन्त्य गरी राज्यको अग्रगामी पुनरसंरचनाका माध्यमबाट पहिचान र सामर्थ्यका आधारमा जातीय र क्षेत्रीय स्वायत्तता स्थापना गर्ने उद्देश्यको संघीय प्रणाली अवलम्वन गर्ने, समावेशी लोकतन्त्र, सीमान्तकृत समूहहरू (दलित, जनजाति, मधेसी, महिला) को प्रतिनिधित्व सुनिश्चित गर्ने, आर्थिक रूपान्तरणका लागि भूमि सुधार र सामन्ती भूमि सम्बन्धको अन्त गर्ने र जनताको सार्वभौमिकता स्थापित गर्न परम्परागत संसदीय प्रणालीभन्दा बाहिरको सहभागितामूलक लोकतन्त्रको परिकल्पना क्रान्तिकारी एजेन्डामा समावेश थियो । माओवादी–सात दलीय गठबन्धनद्वारा समर्थित २०६२/६३ को जनआन्दोलनले राजतन्त्रलाई घुँडा टेकाएको थियो, जसले गर्दा बृहत् शान्ति सम्झौता भयो । यो सम्झौताले संविधानसभा चुनाव र नयाँ संविधानको वाचा गरेको थियो, जसले माओवादीहरूको गणतन्त्रको माग पूरा गर्‍यो । तैपनि, यी क्रान्तिकारी भुमिसुधारलगायतका अन्य एजेण्डाहरुलाई संविधानमा रुपान्तरण गर्न संभव भएन ।

**राजनीतिक संकट :** नेपालको राजनीतिक संकट अस्थिरता, बारम्बार सरकार परिवर्तन, कमजोर गठबन्धन र राजनीतिक संस्थाहरूमाथि जनताको विश्वासको संकटले भरिएको छ । माओवादी दृष्टिकोणबाट, राजनीतिक संकट केवल कमजोर शासनको बारेमा मात्र होइन, शान्ति प्रक्रियाका क्रममा परिकल्पना गरिएका परिवर्तनकारी एजेन्डाहरू कार्यान्वयन गर्न असफल भएको कारणले समेत हो ।

**अस्थिर सरकारहरू :** नेपालले २०६५ देखि एक दर्जन बढी सरकारहरू देखेको छ । विचारधाराको सट्टा पद र पावरको अवसरद्वारा सञ्चालित गठबन्धन राजनीतिले दीर्घकालीन योजनालाई लगभग असम्भव बनाएको थियो । माओवादीहरूको तर्क छ कि यो संसदीय व्यवस्थाले अस्थिरता बाहेक अरु दिने छैन, त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिमा जाउँ, जसले स्थिरता र विकास दिन्छ । तर, अरु दलहरु यसमा सहमत हुन सकेनन् । आखिर माओवादीले जे भनेको थियो, त्यही भयो । आज जेन्जी पुस्ताले त्यसैको माग राखेर २७ घण्टामा सत्ता पलट बनाइदिए । माओवादीले गर्न नसकेको चिज जेन्जीले पूरा गरे । माओवादीले आग्रह गर्‍यो, जेन्जीले आगजनी गरे । अब सबैजना स्वीकार गर्न तयार भएका छन् ।

**नेतृत्व संकट :** एक दशक लामो निकै ठूलो हतियारवद्ध लडाइँका माध्यमबाट शान्ति प्रकृयामा प्रवेश गरेका माओवादीहरूले क्रान्तिकारी एजेन्डा त्यागेर शक्ति बाँडफाँडको राजनीतिमा संलग्न भएका कारणले समस्या परेको हो भनेर मुलधारका राजनीतिक दलहरु र माओवादी पंक्तिसमेत आलोचना गर्दछन्, जुन आज सत्य सावित भएको छ । राजनीतिक नेतृत्व राजनीतिका लागि हैन, कुर्सी प्राप्तिका लागि आशक्त भयो, जसको परिणामस्वरुप राजनीतिक नेतृत्वमा चरम संकट आइपर्‍यो । यति मात्रै हैन, सामन्तवादसँग लड्दै सामन्तवादी चरित्र सापटी लिन पुगेको राजनैतिक नेतृत्व अर्को संकटको आधार बन्यो । नेपोबेबी, सत्ता र शक्तिको बागडोर प्राप्तिका लागि जे पनि गर्न तयार, युवा पुस्ताको भविष्य दलमा देख्न नसक्ने अवस्थाको सिर्जना गर्ने नेतृत्वकै कारण राजनीति र नेतृत्वमा संकट पैदा भएको हो भन्न अप्ठ्यारो मान्नै पर्दैन ।

**अपूर्ण क्रान्ति, अपूर्ण शान्ति प्रक्रिया :** नेपाली राजनीति जहिले पनि हलाल क्रान्तिबाट पीडित बनिरह्यो । नेपालमा सम्पूर्णरुपमा क्रान्ति कहिल्यै भएन । २००७ सालमा राणाविरुद्ध क्रान्ति भयो तर राणा नै प्रधानमन्त्री भए । २०४६ सालमा राजाविरुद्ध आन्दोलन भयो तर राजासँगै सम्झौता भयो । हुँदा हुँदा जनयुद्धले पनि आन्दोलनकै माध्यमले राजतन्त्र फालेन, २०६२/६३ को जनआन्दोलनले राजा फाल्ने हैन, राजाकी छोरी उत्तराधिकार हुन पाउनेसम्मको बन्दोबस्त गर्‍यो । त्यसै गरी बृहत् शान्ति सम्झौताका प्रमुख प्रतिवद्धताहरू, संक्रमणकालीन न्याय र वैज्ञानिक भुमिसुधार राज्यको अग्रगामी पुनरसंरचनासहित आर्थिक– सामाजिक रुपान्तरणजस्ता विषय अधुरै रहे । जसका आधारमा असन्तुष्टि चुलिँदै गएको थियो । अन्तत: जेन्जी आन्दोलनले मलजल पायो ।

**जनताको सीमान्तीकरण :** कैयन वाचा र प्रतिज्ञाहरूका बावजुद, गरिब, सीमान्तकृत र ग्रामीण जनताले निर्णय प्रक्रियाबाट बहिष्कृत भएको महसुस गरे । राज्य सत्तामा पहुँचको कुरा टाठाबाठाका लागि मात्रै सीमित भयो । माओवादीहरूका दृष्टिमा राजनीतिमा अभिजात वर्गको नियन्त्रणको निरन्तरतालाई कायमै रहयो भन्ने कुरा यसपटक पनि पुष्टि भयो ।

**संवैधानिक संकट :** २०७२ असोजमा जारी संविधानलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान भन्दै रुपान्तरणको कोशेढुङ्गाका रूपमा स्वागत गरिएको थियो, तर यसले जटिल समस्याहरुको समूल अन्त्य गर्न सकेन । संविधान जारी हुँदा सहमतिमा हुन सकेन । सबैले ‘नोट अफ डिसेन्ट’ राखेका कारण विवादहरु समाधान भएनन् । अन्तत: संविधानको स्वामित्व लिने दल र शक्ति नै कमजोर भयो । सम्झौताको दस्तावेज भएका कारण बेला बखतमा आउने राजनैतिक संकटलाई संविधानले समाधान गर्न सकेन अनि संवैधानिक संकटमा मुलुक फस्यो । अहिलेको अवस्था यही छ । जेनजी आन्दोलनका माग सम्झौता र गठित सरकारका बीचमा कुनै तालमेल देखिन्नँ । उता, संसद विघन भैसक्यो । संविधान संशोधन गर्ने अंग संसद छैन । फेरि उही पुरानै निर्वाचन प्रणाली र पुरानै संसदीय प्रणालीको निर्वाचन गर्न यो सरकार बाध्य छ । यो सरकार संविधानत: बनेको होइन । आवश्यकताको सिद्धान्तको लेपन लगाउँदै तत्कालीन संकट टार्न संविधानका धारा र अक्षरमा टेकेर हैन, संविधानको मर्म र भावना समातेर यो सरकार बनेको हो । संविधानत: संसद विघटन हुँदैन भन्ने कुरा संविधान र अदालतका फैसलाले पनि भन्छन् तर संसद विघटन भएको छ । संसद विघटन गलत भन्ने पूर्वप्रधानन्यायधीशका हातबाट यो संसद विघटन भएको छ ।

**राजनीतिक र संवैधानिक संकटबीचको जोड–घटाउ :** नेपालको राजनीतिक र संवैधानिक संकटहरू छुट्टाछुट्टै घटना होइनन् तर पारस्परिक रूपमा अन्तरसम्वन्धित छन् । संविधानले क्रान्तिकारी परिवर्तनहरूलाई पूर्णरूपमा संस्थागत नगरेका कारणले राजनीतिक अस्थिरता उत्पन्न भएको हो भन्ने कुरा स्पष्ट छ । क्रान्तिकारी राजनीतिक नेतृत्व रुपान्तरणमा हैन, सत्ता प्राप्तिमा केन्द्रित रहेका कारण यो अवस्था उत्पन्न भयो भन्न सकिन्छ । अभिजात वर्गसँगको सम्झौता अर्को समस्या हो । शान्ति प्रक्रिया क्रान्तिकारी र अभिजात वर्गबीचको वार्तामा सीमित भयो, जसले गर्दा तल्लो तहका माग पूरा भएनन् । समग्र समाजको रुपान्तरण नहुँदा यसले बारम्बार सडक संघर्षलाई निम्त्यायो । राज्य संरचनाहरूको वैधतामाथि गम्भीर प्रश्नहरु उठे । राजनीतिक दलहरु राज्य संरचनाको संघीयकरणको नारा दिने तर आफनो चाहना केन्द्रीकृत राज्यशक्ति भैदिए हुन्थ्यो भन्ने मनोविज्ञानबाट ग्रसित भए, जसका कारण राजनीतिक संकट गहिरियो । यो संकट प्राय: संघीय र प्रादेशिक सरकारहरू बीचको विवादका रूपमा पनि प्रकट भयो । जसले संवैधानिक अस्पष्टताहरूलाई उजागर गरिदियो । पूरा नभएका वाचाहरुले नेतृत्वप्रति पूरै अविश्वास पैदा गरिदियो । संक्रमणकालीन न्याय, भूमि सुधार र समावेशीकरण कागजमा संवैधानिक प्रतिवद्धताहरू छन् तर व्यवहारमा राजनीतिकरूपमा बेवास्ता गरिएका छन् । यसरी राजनीतिक र संवैधानिक संकटले अपूर्ण क्रान्तिलाई प्रतिबिम्बित गर्दछ । यो अपूर्णताको जगमा जेनजी लगायतका आन्दोलन उठनु कुनै अनौठो कुरा थिएन ।

**संकटलाई सम्बोधन गर्न के गर्ने ?** जनयुद्ध र जनआन्दोलनका नायकहरु जेनजी आन्दोलनमा तारो बने । तिनले खडा गरेका संस्था, संरचना, पार्टी र नेतृत्वमाथिको भौतिक आक्रमण आन्दोलनको स्वरुप वन्यो । ती आन्दोलनकारीहरु यी आन्दोलनकारीसँग आमने–सामने हुने अवस्था नै रहेन । प्रधानमन्त्री हेलिकप्टरमा भाग्न खोज्दा राजीनामा नदिएसम्म हेलिकप्टर पनि उपलब्ध हुँदैन भन्ने कुरा सुन्नुपर्ने अन्तत: राजीनामा दिएपछि प्राप्त भएको हेलिकप्टर लिएर भाग्ने स्थिति आयो । मुख्यसचिवको नेतृत्वमा सुरक्षा प्रमुखहरुको संयुक्त विज्ञप्तिले प्रधानमन्त्रीको राजीनामा आइसकेकाले शान्त रहन र वार्ताका लागि तयार हुन आग्रह गर्ने अवस्था बन्यो । पूर्वप्रधानमन्त्रीहरु हेलिकप्टरमा भाग्न पनि नसक्ने अवस्थाको सिर्जना किन भयो ? यसको गम्भीर समीक्षा गर्न जरुरी छ । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीका लागि संविधान संशोधन, जनपरिचालन, हालैको राजनीतिक सहमति मार्फत, राजनैतिक दलहरुले दोहोरिने संकटहरू समाधान गर्न आफ्नो अधूरो क्रान्ति पूरा गर्नुपर्छ । तब मात्रै राजनैतिक र संवैधानिक दुवै संकटको समाधान हुनेछ । ***–अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
राम्पुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : पेशामा प्रभाव बढ्नेछ। पहिलाका निर्णयहरूबाट मनग्य लाभ मिल्नेछ।
**वृष** : नयाँ कामको प्रस्ताव आउनेछ। कानुन विपरीत कार्य नगर्नुहोला।
**मिथुन** : कार्यक्षेत्रमा सहयोग पाइनेछ । लगनशीलताले सजिलै लक्ष्यमा पुगिनेछ।
**कर्कट** : हिसाब किताब सुल्झाउन समय लाग्नुका साथै मित्रहरूको सहयोग मिल्नेछ।
**सिंह** : कार्यक्षेत्रमा उत्साह जाग्नेछ। युवाहरूलाई करियरलाई लिएर अवसर मिल्नेछ।
**कन्या** : सहपाठीहरूलाई उछिन्दै पुरस्कार वा प्रशंसा प्राप्त गर्न सकिनेछ।
**तुला** : रोकिएका काम पुन: दोहोर्याएर गर्नुपर्ला। उद्योग व्यापारमा फाइदा रहनेछ।
**वृश्चिक** : अनुभवको कमीले नोक्सानि उठाउनु पर्ला। उल्झनहरू सुल्झिनेछन्।
**धनु** : स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। सुखद समाचारले मनमा उत्साह जाग्नेछ।
**मकर** : नँया पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ। अध्यात्मतर्फ मन लाग्नेछ।
**कुम्भ** : मेहनतले सम्मानित स्थान दिलाउनेछ। जीवनशैलीमा सुधार आउनेछ।
**मिन** : टाढाका मित्रहरूसँग सम्पर्क बढ्नेछ। लामो यात्रा गर्ने अवसर जुट्न सक्छ।

# कृषि

## बीउ बिक्रीबाट किसानको आम्दानी वृद्धि

कैलालीको गोदावरी नगरपालिका-८ का किसान बुद्धिराम चौधरी गुणस्तरीय बीउ बिक्रीबाट आम्दानी बढ्न थालेपछि बीउ खेतीमै रमाइरहनु भएको छ । गुणस्तरीय बीउ तयार पार्न बीउ कम्पनीको प्राविधिक सहयोगमा उहाँको खेतमा यतिबेला गरिएको हर्दिनाथ-६ र सर्जू-५२ जातको धानखेती सप्रेको छ । उहाँ गहुँको मूलबीउ पनि उत्पादन गर्दै आउनुभएको छ । वार्षिक प्रतिकठ्ठा रु एक हजार पाँचसयमा अढाई बिघा जग्गा भाडामा लिई मूल बीउका लागि खेती गर्दै आएका उनले भने "गुणस्तरीय बीउ उत्पादनमा मेहनत, सिँचाइ, मलखाद, खनजोत लगायतको लागत खर्च कटाएर वार्षिक रु तीन देखि चार लाख बचत भइरहँदा सन्तुष्ट छु,, अझैं थप जग्गा भाडामा लिएर बिजवृद्धि गर्ने लक्ष लिएको छु ।" जिल्लाको पूर्वी क्षेत्र जानकी गाउँपालिकाको मुनुवा गाउँका विजयकुमार कठरिया पछिल्ला वर्षमा कैलाली जिल्ला धान र गहुँको गुणस्तरीय बीउ उत्पादनमा आत्मनिर्भर बनेको बताउन्छन् । उनले आफ्नोतीन बिघा जग्गामा यतिबेला सर्जु-५२ र चैते-५२ जातको धानबालीको बिजवृद्धि गरिरहेका छन् ।

बिजवृद्धि सहकारी संस्था, मुनुवाका अध्यक्षसमेत रहनुभएका कठरियाले भने "बिजवृद्धि कार्यक्रममा समेटिएका किसानले उत्पादन गरेको विभिन्न बालीको बीउ सहकारी संस्थाले खरिद गरिदिँदा किसानले उचित मूल्य पाएर उनीहरुको आम्दानी वृद्धिमा सहयोग मिलेको छ, बिजवृद्धिमा लागेका किसानको सहुलियत मूल्यमा पाकेको बालीको थ्रेसिङ गर्ने, खेतको खनजोत गर्ने जस्ता सहयोग पनि संस्थाले उपलब्ध गराइरहेको छ ।" सहकारी संस्था र बीउबिजन कम्पनीले बिजवृद्धिमा लागेका किसानको बीउ सरकारले तोकेको मूल्य भन्दा बढी मूल्यमा खरिद गरी बजारमा बिक्रीका लागि पठाउने गर्छन् । "देशमा कृषि क्रान्ति गर्नुपर्छ भनेर किसानलाई उठाउने अभियानमा हामी लागेका छौं" कठरियाले भने "जिल्लामा उत्पादन भएको गहुँ, धान, दलहन र तेलहनको गुणस्तरीय बीउ सर्लाही, सप्तरी, सुर्खेत, पाल्पा जिल्लाबाट माग आउँदा बिजवृद्धिमा लागेकाहरुमा हौसला मिलेको छ ।" किसानले बिजवृद्धिबाहेक आफ्नो घरायसी उपभोगका लागि पनि खाद्यानको खेती गर्दै आएका छन् । बिजविद्धि सहकारी संस्था मुनुवामा समेटिएका किसानले एक सय हेक्टर जग्गामा बिजवृद्धि गरिरहेका छन् । बिजवृद्धिमा लाग्दा कृषि उपजको उचित मूल्य पाइरहेको भए पनि समयमै मलखादको अभावको समस्या झेल्नु परेको किसानले बताएका छन् । कैलाली जिल्लामा वर्षभरिमा झण्डै ३६ हजार क्विन्टल धान र ४५ हजार क्विन्टल गहुँको गुणस्तरीय बीउ आवश्यकता पर्ने गरेकोमा उक्त परिमाण भन्दा बढी बीउ उत्पादन भइरहेको छ । गहुँको उन्नत बीउ उत्पादनको हकमा कैलाली जिल्ला देशमै पहिलो स्थानमा छ" कृषि निर्देशनालय दीपायलका निर्देशक खगेन्द्रप्रसाद शर्माले भने "गहुँ र धानको गुणस्तरीय बीउ उत्पादनमा जिल्ला आत्मनिर्भर भइसकेको छ ।" जिल्लामा झण्डै ७२ हजार ५०० हेक्टर जग्गामा बर्खे धानखेती र ३५ हजार हेक्टरमा गहुँखेती हुने गरेको छ । कतिपय क्षेत्रमा बर्खे धान र चैते धान गरेर वर्षमा दुई पटक धानखेती हुने गरेको छ । प्रति हेक्टरमा धानखेती गर्न ५० किलो र गहुँखेती गर्न १२० किलो गुणस्तरीय बीउ आवश्यक पर्ने कृषि प्राविधिको भनाइ छ । सरकारी स्वामित्वको बीउबिजन कम्पनीले उन्नत बीउको उत्पादन र बिक्री गर्दै आएकोमा पछिल्ला वर्षमा सहकारी संस्था, निजी बीउबिजन कम्पनी, र किसान समूहलेसमेत गुणस्तरीय बीउ उत्पादन गर्दै आएका छन् ।

कतिपय बीउ कम्पनीले सरकारबाट अनुमति लिएर धान र मकैमा हाइब्रिड उत्पादनसमेत गर्न थालेका छन् । खाद्यान्ह बालीको उत्पादन र उत्पादकत्व बढाउन नयाँ जातको बीउको विकास भएको मात्र नभइ खेती गर्न नयाँ-नयाँ प्रविधिसमेत भित्रिन लागेकोले खेती गर्दा लागत खर्चपनि घटेको बताइन्छ । घरमै राखिएको स्थानीय जातको बीउको प्रयोग गर्दाको तुलनामा उन्नत बीउको प्रयोगले धान र गहुँबालीको उत्पादकत्व पनि वृद्धि भइरहेको छ । पञ्चशक्ति सिड कम्पनी भनेगढीका प्रमुख विष्णुराज बुर्लाकोटी जिल्लामा उत्पादन भएको बढी परिमाणमा गहुँ र मकैको बीउ जिल्ला बाहिर जाने गरेको बताउन्छन् । उन्नत बीउको प्रयोग बढेसँगै रैथाने जातको कालो धान, आइरेट, गुर्रा, राइमनुवा, सौंटेरी जस्ता धानको बीउ भने हराउन थालेको किसानको भनाइ छ । कृषि प्राविधिक स्थानीय जातको बीउ प्रयोग गर्दा हुने उत्पादकत्वको तुलनामा उन्नत जातको बीउ प्रयोगले २० देखि २५ प्रतिशतले उत्पादकत्व वृद्धि हुने गरेको बताउँछन् । बालीको उत्पादकत्व वृद्धि भइरहेको भए पनि नेपालमा बर्सेनि ठूलो परिमाणमा खाद्यान्ह विदेशबाट आयात भइरहेको तथ्याङ्क छ ।

*-इहिमालय टाइम्स डटकम*

## सङ्कटमा परम्परागत 'चुदारा पेशा'

भोजपुरमा काठका विभिन्न घरेलु भाँडाकुँडा बनाउने परम्परागत 'चुदारा पेशा' अस्तित्वको स'टमा परेको छ । नयाँ पुस्ताले यो पेसाप्रति चासो नदेखाउँदा र बजारमा प्लास्टिक तथा धातुका सामग्रीको प्रयोग बढ्दै जाँदा पुस्तौँदेखिको यो सीप लोप हुने अवस्थामा पुगेको हो । चुदारा पेसामा लामो समयदेखि संलग्न स्थानीय रत्नबहादुर विश्वकर्माले विगतमा धेरै मानिस यस पेसामा आबद्ध भए पनि अहिले सीमित व्यक्तिले मात्र परम्परा धानिरहेको बताए । उनले भने, "यो हाम्रो पूर्खौली पेसा हो तर अहिले स'टमा परेको छ । पुस्तान्तरण नहुँदा र राज्यको ध्यान नपुगेकाले लोप हुने अवस्थामा पुगेको छ ।" चुदारा समुदायका मानिसहरूले गाउँघरमा पाइने गोगुन, पँयू, दार, मौवा, कटहरजस्ता काठबाट गोलिया तयार गरी फलामको धारिलो हतियार 'बाँक' प्रयोग गरेर ठेकी, हर्पे, तोङ्बाको भाँडो, गम्बुलगायतका सामग्रीहरू बनाउँछन् । उनीहरूले काठलाई आकार दिन अझै पनि परम्परागत विधि अपनाउँछन्, जसमा खोलाबाट पानी डुँढमा खसालेर काठ घुमाउने र त्यसपछि हातले यन्त्र चलाएर कुद्ने शैली प्रयोग हुन्छ । चुदाराको काम गर्दै आएका स्थानीय जङ्गबहादुर विकले परम्परागत उपकरणले काम गर्दा धेरै श्रम र समय खर्चिनुपर्ने भएकाले जीविका चलाउनसमेत कठिन भएको बताएका छन् । उनले भने, "हामी अझै पनि बाउबाजेले जसरी काम गर्थे, त्यही विधिमा काम गर्छौं । आधुनिक उपकरण प्रयोग गर्न पाएको भए काम सजिलो र आकर्षक हुन्थ्यो ।" विकका अनुसार, पहिले गाईभैंसीको दूध जमाउन, मोही पार्न अनिवार्य रूपमा प्रयोग हुने काठका सामग्रीहरूलाई अहिले स्टिल र प्लास्टिकका भाँडाले विस्थापित गरिरहेका छन् । उनले यो पेसा संस्कृति र पहिचानसँग जोडिएको भन्दै सरकारले तालिम र प्रविधिको सहयोग गर्नुपर्ने र तब मात्र नयाँ पुस्ता आकर्षित हुने बताए । उचित संरक्षण, आधुनिक उपकरणको प्रयोग र बजार प्रवर्द्धनका उपाय अपनाउन सकेमा यो परम्परागत सीपले सांस्कृतिक पर्यटन र रोजगारीको नयाँ बाटो खोल्न सहयोग पुग्ने यो पेसामा आबद्धहरूको भनाइ छ । *-रासस*


**Lumbini Province Government**
**Ministry of Urban Development and Water Supply**
**Urban Development and Building Office**
**Tansen, Palpa**

**INVITATION FOR BIDS**

**First Date of Publication: 2082/07/02 B.S.**

Urban Development and Building Office, Palpa invites E-bids for the construction Works (Contract ID: **UDBOP-NCB-082/83-18** to **UDBOP-NCB-082/83-21)** each bid document fee is NRs 3000 under NCB Procedures. All other information and Bid document can be downloaded from PPMO's Website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E- Bid as per instructions within the mentioned period in Bid Documents


**Office Chief**


## किसानलाई धान काट्ने चटारो



दाङ, लमही नगरपालिका-३ की ४२ वर्षीया सीता चौधरी सोमबार बेलुका ५:०० बजे खेतमा धान काट्दै थिईन् । धान काट्दै गरेको अवस्थामा भेटिएकी उनले भनिन्, "अहिले मौसम खुलेको छ । धान पाकेर पहेँलै भएकाले बिहानदेखि बेलुकासम्म खेतमै धान काट्न व्यस्त हुने गरेका छौँ ।" चौधरीले भनिन्, "देउखुरी क्षेत्रमा अधिकांश ठाउँमा सिँचाइ सुविधा पुगेकाले समयमै धान रोपाइँ हुने र छिट्टै पाक्दा दसैँलगत्तै धान काट्न तथा काटेको धान सुकाएर दाइँ गर्न थालिसकेका छौँ ।" दसैँअगाडि नै धान पाकेर पहेँलै भएकाले किसानले काट्न सुरु गरेका छन् । अहिले मौसम अनुकूल भएपछि भित्र्याउन सुरु गरेको उनीहरुको भनाइ छ । धान स्याहार्ने समयमा दाङसहित देशका विभिन्न ठाउँमा परेको अविरल वर्षाले पाकेको धानमा केही क्षति पुगेको किसान बताउँछन् । वर्षा भए पनि बाढी नआएकाले ठूलो नोक्सानी व्यहोर्नु नपरेको चौधरी बताउन्छिन् । "अहिले त्यस्तै वर्षा भएमा ठूलो क्षति हुने डरले बिहानदेखि बेलुकासम्म धान काट्न व्यस्त छौँ", उनले भनिन् । सीतामात्र होइन अहिले देउखुरी क्षेत्रका अधिकांश किसान बिहानैदेखि बेलुकासम्म धान काट्न तथा बाली भित्र्याउन व्यस्त देखिन्छन् । तिहारको समय नजिकै आइरहँदा किसानलाई धान काट्न चटारो छ । उनीहरूले काटेको धान चाँडै भित्र्याउनका लागि खेतसँगैका सडक किनारामा सुकाउन थालेका छन् । यतिखेर दाङको देउखुरी क्षेत्रमात्र नभई सिँचाइ सुविधा पुगेका जिल्लाका अन्य क्षेत्रमा पनि बिहानैदेखि बेलुकासम्म किसान खेतमा धान काट्न व्यस्त देखिन्छन् । कतै काटेको धान थ्रेसरबाट दाइँ गर्न लागेका देखिन्छन् । बिहानैदेखि खेतमा धान काट्न आउने गरेको र बेलुका मात्र घर फर्कने गरेको लमही नगरपालिका-३ का ६० वर्षीया सावित्रा भण्डारी बताउन्छन् । उनि भन्छिन्, "मौसम परिवर्तन भई पानी परेमा पाकेको धानमा क्षति हुन्छ । वर्षभरि खानपुग्ने खेती बिग्रिएमा कसरी परिवार पाल्ने भन्ने पिरलो लाग्छ । तिहारका लागि रोटी पकाउने, घर सरसफाइलगायतका सबै काम छाडेर सबै जना बिहानदेखि बेलुकासम्म खेतमै व्यस्त छौँ ।" देउखुरीमा मात्र होइन, घोराही उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, पश्चिम दाङका दङ्गीशरण, शान्तिनगर, बबई गाउँपालिकामा पनि धान पाकेर पहेँलै भएको छ । त्यहाँका किसानले पनि धान काटन सुरु गरिसकेका छन् । दङ्गीशरण गाउँपालिका-३ रावत गाउँका माइली चौधरी बिहानैदेखि धान काट्न सुरु गरेको बताउन्छिन् । तीन बिघा जमिन भाडामा लिएर धानखेती गरेको बताउने उनि पानी पर्छ कि भन्ने डरले बिहानैदेखि बेलुकासम्म खेतमै हुने गरेको बताईन् । जिल्लामा ३७ हजार दुई सय २५ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार यहाँका किसानले यस वर्ष सावित्री, राधा-४, सुनौलो सुगन्ध, लोकतन्त्र, गोरखनाथ, लोकनाथ, युएस ३१२ लगायतका वर्णशङ्कर जातका धान लगाएका थिए । यस्तै कम पानी हुने ठाउँमा सुक्खा-१, सुक्खा-२, सुक्खा-३ जातका धान लगाएका थिए । *-रासस*

## बाँझो जमीनमा फलफूल खेतीलाई प्रोत्साहन



म्याग्दीको बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकासहित गण्डकी प्रदेशका १० जिल्लाका ३४ स्थानीय तहमा पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (नाफा) सञ्चालन भएको छ । कास्कीको पोखरा महानगर र पर्वतको जलजला गाउँपालिकामा दुई वर्षअघि सुरु भएको यो आयोजना चालु आर्थिक वर्ष २०८२/८३ मा ३४ स्थानीय तहमा विस्तार भएको हो । नेपाल सरकार र एसियाली विकास बैंकको साझेदारीमा सञ्चालित यो आयोजना म्याग्दी, बागलुङ, मनाङ र मुस्ताङका १९ स्थानीय तहमा थप विस्तार भएको हो । कूल ९३.४५ मिलियन अमेरिकी डलर लागत अनुमान गरिएको आयोजनामार्फत १० प्रजातिका फलफूल खेती विस्तार गर्न कृषि फार्म, सहकारी र समूहले ५० प्रतिशत अनुदान पाउने आयोजना प्रमुख वासुदेव कांलेले जानकारी दिए । आयोजनाको मुख्य उद्देश्य पहाडी क्षेत्रमा ओखर, सुन्तला, कागती, किवीलगायतका फलफूलखेती विस्तार र प्रवर्द्धन गर्नु हो । यसले बसाइँसराइका कारण बाँझिएका खेतीयोग्य जमिनलाई पुन: प्रयोगमा ल्याउन सहयोग पुगेको छ । पहिलो चरणमा आयोजना लागू भएको पर्वतको जलजला गाउँपालिकाका २९ वटा फार्म र समूहले सुन्तलाजात र ओखर खेती विस्तारसम्बन्धी कार्यक्रमका लागि अनुदान सम्झौता गरेका थिए । जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले दिएको जानकारीअनुसार ११ वटा फार्मले सुन्तला र दुई वटाले कागतीको बगैंचा स्थापना गरिसकेका छन् । उपाध्यक्ष आचार्यले भने, "फलफूल बगैँचा स्थापनाका लागि बाँझिएको जग्गा प्रयोगमा आउनुका साथै बजार झरेका किसान गाउँ फर्किएर फलफूलखेतीमा लागेका छन् ।" जलजला-४ सिरानचौरमा १० वर्षदेखि बाँझिएको झाडी फाडेर ओमनम् एग्रो फार्मले कागतीको बगैंचा स्थापना गरेको छ । यस्तै, जलजला गाउँपालिका-५ लेकफाँटका किसानहरूले धान खेतीको विकल्पमा २० रोपनी खेतमा सुन्तलाका बिरुवा रोपेका छन् । मिलनचोक बजारमा बस्दै आएका दयाराम सापकोटा बगैंचा स्थापनापछि गाउँ फर्किएका छन् । अनुगमन टोलीसँग किसानले आयोजनाले अनुदान उपलब्ध गराउन ढिलाइ गर्दा समस्या भएको गुनासो गरेका थिए । सञ्जोग कृषि फार्मका वेदनाथ सुवेदीले गत असारमै काम सके पनि भुक्तानी नपाएको बताए । यस सम्बन्धमा आयोजना प्रमुख कांलेले काम सम्पन्न गरेका फार्महरूको स्थलगत अनुगमन सकेपछि तत्कालै भुक्तानी दिने प्रतिबद्धता जनाएका छन् । *-हाम्रा कुरा डटकम*

# सकियो स्वास्थ्य संस्थाहरुको समीक्षा

## कार्यसम्पादनमा पूर्वखोला प्रथम




**पाल्पा,** कार्तिक १/दुई दिनसम्म जिल्लाको तानसेनमा सञ्चालित स्वास्थ्य संस्थाहरुको वार्षिक समीक्षा गोष्ठी सकिएको छ । विहिबारदेखि जिल्ला स्वास्थ्य कार्यालय पाल्पाको आयोजनामा आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालित कार्यक्रमहरुको समीक्षासँगै चालु आर्थिक वर्षको कार्ययोजना निर्माण गरी गोष्ठी सकिएको हो ।

गोष्ठीको लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेम सारुले समापन गरेका हुन् । कार्यक्रमको समापन गर्दै मन्त्री सारुले जिल्लाका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य क्षेत्रमा पुर्‍याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले अहिले जतातै सर्ने रोग भन्दा नसर्ने रोग अत्याधिक बढेकाले प्रदेश सरकारले नसर्ने रोगको उपचारको सहयोगको लागि चालु आर्थिक बर्षमा बजेट विनियोजन गरेर काम गर्दै आएको उल्लेख गरे । मन्त्री सारुले नसर्ने रोगको स्क्रिनिङ गरेर रोकथामका उपायहरु स्वस्थ खानपान, नियमित व्याम, तनाव व्यबस्थापन जस्ता कुरामा गम्भीर भएर ध्यान जिल्लाका स्वास्थ्य संस्थाहरुलाई आग्रह गरे । मन्त्री सारुले अस्पताल र शिक्षा क्षेत्र संवेदनशील भएकाले अस्पतालको सुधारका लागि सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवार भएर काम गर्न आग्रह गर्दै उनले जनतालाई दिने सेवामा कुनै पनि सम्झौता नगर्न निर्देशन दिए । उनले कर्मचारी अभावका कारण स्वास्थ्य क्षेत्रमा केही समस्या भए पनि त्यसको समाधानका लागि प्रदेश सरकारले कर्मचारी व्यवस्थापनको काम गरिरहेको जानकारी गराए । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले स्वास्थ्य जस्तो संवेदनशील विषयमा गम्भीर भएर काम गर्न स्वास्थ्य संस्थाहरुलाई आग्रह गरे । पूर्वखोला गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख मोहन ढकालले दुई दिनको बसाईमा आफुहरुले धेरै कुरा सिक्ने र सिकाउने अवसर प्राप्त भएको र कार्यसम्पादनको मूल्याङ्कनमा सम्पूर्ण स्वास्थ्यकर्मीहरुको सहयोगका कारण जिल्लामा पहिलो हुन सकिएको बताए । कार्यक्रममा जिल्लाका १० वटै पालिकाका स्वास्थ्य शाखा, पाल्पा र रामपुर अस्पताल, मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेज, जिल्ला लायन्स लाकौल आँखा अस्पताल, नेपाल परिवार नियोजन संघ पाल्पा र लुम्बिनी प्रदेश सरकारको सहभागितामा वार्षिक समीक्षा गर्दै आगामी रणनीति तथा कार्ययोजना निर्माण गरिएको छ । सोही अवसरमा कार्यसम्पादनको मूल्याङ्कन समेत गएिको छ । प्रदेश स्वास्थ्य निर्देशनालयका तथ्याङ्क अधिकृत मानबहादुर ओलीले वार्षिक रुपमा कार्यसम्पादनमा उत्कृष्ट हुने स्वास्थ्य संस्थाको नाम सार्वजनिक गरेका थिए । उनका अनुसार पूर्वखोला गाउँपालिका पहिलो, निस्दी गाउँपालिका दोस्रो र रैनादेवी छहरा गाउँपालिका तेस्रो भएका हुन् । २८ वटा सूचकहरुको आधारमा मूल्याङ्कन गर्दा पहिलो हुने पूर्वखोलाले ६६ दशमलव ०६, दोस्रो हुने निस्दीले ६५ दशमलव ३५ र तेस्रो हुने रैनादेवी छहराले ६४ दशमलव ९८ प्रतिशत अंक प्राप्त गरेका तथ्याङ्क अधिकृत ओलीले बताए । पहिलो, दोस्रो, तेस्रो हुनेलाई मन्त्री सारुले प्रमाण पत्रले सम्मान गरेका थिए । स्वास्थ्य कार्यालयका निमित्त प्रमुख टुकप्रसाद पोखरेलको अध्यक्षता, कुष्ठरोग अधिकृत विश्वनाथ न्यौपानेको स्वागत, शान्ति भण्डारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पन्ध्र शैयाका दुई आधारभूत अस्पताल सञ्चालनमा

**तम्घास,** कात्तिक १/देशभरमा नै १५ शैयाका अस्पतालको निर्माणको समेत काम नसकिएको अवस्थामा गुल्मीमा भने १५ शैयाका दुई आधारभूत अस्पताल सञ्चालनमा आएका छन् ।

तत्कालीन सरकारले गाउँका नागरिकको स्वास्थ्य सेवामा पहुँच पुर्‍याउने उद्देश्यले ०७७ मङ्सिर १५ गते देशभरका ३ सय ९६ पालिकामा पाँच, १० र १५ शैयाका अस्पताल शिलान्यास गरेको थियो । जसमा जिल्लाको चन्द्रकोट र गुल्मीदरबार गाउँपालिकाका दुई अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा आएका हुन् । पछिल्लो पटक चन्द्रकोट गाउँपालिका-६ मा बिहीबारदेखि आधारभूत अस्पताल सञ्चालनमा आएको हो । पालिका अध्यक्ष युवराज केसीका अनुसार गाउँपालिकाको विज्ञापनमार्फत एक र लुम्बिनी प्रदेशको छात्रवृत्ति करार एक गरी दुइजना एमबिबिएस् डाक्टरको व्यवस्था गरिएको छ । तुल्सीभक्त अर्जुन व्युल्डर्स जेभीले १३ करोड ६६ लाखमा भवन निर्माण गरी पालिकालाई हस्तान्तरण गरेको थियो । अस्पतालमा अब ल्याब, बर्थिङ सेन्टर, भिडियो एक्सरेलगायत ओपिडी सेवाहरू



सञ्चालन हुनेछन् । गुल्मीदरबार गाउँपालिका-३ मा गत वैशाख २४ गतेबाट आधारभूत अस्पताल सञ्चालनमा आएको थियो । बिकोई अर्जुन न्यू लिजा गुल्मीले दुई वर्षअघि १२ करोड ९४ लाखमा भवन निर्माणको काम सकेको थियो । दुईजना एमबिबिएस डाक्टर लुम्बिनी प्रदेशको छात्रवृत्ति करारबाट आएको र अन्य जनशक्ति पालिकाले व्यवस्थापन गरेर अस्पताल सञ्चालन गरेको छ । अहिले अस्पतालमा १२ जना जनशक्ति रहेको स्वास्थ्य शाखा प्रमुख नारायण अर्यालले जानकारी दिए । गुल्मी दरबारको आधारभूत अस्पतालमा प्रसूति गराउने दुईजना जनशक्ति काजमा ल्याइएको छ । दुवै अस्पतालमा चौबीसै घण्टा इमर्जेन्सी सेवा, एक्सरे, भिडियो एक्सरे, इसिजी, फार्मेसी, ल्याब, अक्सिजन, नि:शुल्क प्रसूति सेवा, गर्भपतनलगायतका सेवा सञ्चालनमा छन् । गुल्मी दरबारका स्वास्थ्य संयोजक अर्यालका अनुसार अहिले आधारभूत अस्पतालमा दैनिक ३० देखि ३५ जनाले सेवा लिइरहेका छन् । चन्द्रकोटमा बाग्लुङको बरेङसम्म र गुल्मी दरबारमा रेसुङ्गा नगरपालिकाको दुविचौरसम्मका नागरिकले सेवा लिएका छन् । "आधारभूत अस्पतालमा स्वास्थ्य बिमा लागू गर्न सकियो भने राम्रोसँग सञ्चालन गर्न सकिन्छ ।" गुल्मीदरबारका स्वास्थ्य संयोजक अर्यालले भने । *-रासस*

## खेलकुद समाचार


### नेपालले जित्यो टी-२० विश्वकप उपाधि



**काठमाडौं,** कात्तिक १/सामोआलाई हराउँदै नेपालले आईसीसी टी-२० एशिया तथा इस्ट एशिया-प्यासिफिक छनोटको उपाधि जितेको छ । ओमानको अल अमिरात मैदानमा शनिबार भएको छनोटको अन्तिम खेलमा नेपालले सामोआलाईरु १ सय २४ रनले हरायो । नेपालले दिएको २ सय १२ रनको लक्ष्य पछ्याएको सामोआले २० ओभरमा ७ विकेट गुमाएर ८७ रन मात्र बनाउन सक्यो । सामोआका सिन सोनियाले सबैभन्दा धेरै ४० रन बनाए । नेपालका ललित राजवंशीले ३ तथा करण केसी र सन्दीप लामिछानेले १/१ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको नेपालले २० ओभरमा ४ विकेट गुमाएर २ सय ११ रन बनायो । नेपालका आसिफ शेख र दीपेन्द्रसिंह ऐरीले अर्धशतक बनाए । आसिफ ६९ र दीपेन्द्र ५३ रन बनाएर आउट भए । टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा आसिफको यो व्यक्तिगत सर्वाधिक रन हो । यसअघि उनले वेस्ट इन्डिजसँगको खेलमा ६८ रन बनाएका थिए । यस्तै लोकेश बमले ३९, कप्तान रोहित पौडेलले २१ रन बनाए । सामोआका ४ जना बलरले १/१ विकेट लिए । नेपालले अपराजित रहँदै उपाधि जितेको हो । सुपर-सिक्समा नेपाल ५ खेलमा १० अङ्कसहित शीर्ष स्थानमा रह्यो । यस्तै ओमान ५ खेलमा ८ अङ्कसहित दोस्रो स्थानमा रह्यो । यूएई ५ खेलमा ६ अङ्कसहित तेस्रो स्थानमा रह्यो । नेपाल, ओमान र यूएई सुपर-सिक्समा पुगेका छन् । कतार, जापान र सामोआ भने अगाडि बढ्न सकेनन् । योसँगै अर्को वर्ष भारत र श्रीलङ्कामा हुने टी-२० विश्वकप खेल्ने सबै टोलीको टुङ्गो लागेको छ ।

## अर्थ/कर्पोरेट समाचार

### तीन महिनामा १८ प्रतिशत बजेट खर्च




**काठमाडौं,** कात्तिक १/चालु आर्थिक वर्ष २०८२/८३ को सुरुआती तीन महिनामा सरकारले १८ प्रतिशत बजेट खर्च गरेको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत असोज मसान्तसम्ममा तीन खर्ब ६४ अर्ब ५८ करोड ९४ लाख अर्थात् वार्षिक विनियोजनको १८ दशमलव ५६ प्रतिशत खर्च भएको हो ।

चालु आर्थिक वर्षका लागि सरकारले रु १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको थियो । कार्यालयका अनुसार असोज मसान्तसम्ममा चालुगत शीर्षकमा वार्षिक विनियोजनको २१ दशमलव ७५ प्रतिशत अर्थात् रु दुई खर्ब ५६ अर्ब ८० करोड ६० लाख खर्च भएको छ । यस्तै, पुँजीगत शीर्षकमा वार्षिक विनियोजनको चार दशमलव सात प्रतिशत अर्थात् रु एक १९ अर्ब १८ करोड ३४ लाख र वित्तीय व्यवस्था शीर्षकमा २३ दशमलव ६१ प्रतिशत अर्थात् रु ८८ अर्ब ६० करोड बराबर खर्च भएको छ । यही अवधिमा सरकारको राजस्व सङ्कलन वार्षिक लक्ष्यको १६ दशमलव ५१ प्रतिशत छ । यस वर्षका लागि सरकारले रु १५ खर्ब ३३ अर्ब ३३ अर्ब ४४ करोड ६९ लाख राजस्व उठाउने लक्ष्य राखेकामा हालसम्म रु दुई खर्ब ५३ अर्ब १८ करोड ७९ असुली भएको हो । आन्तरिक राजस्वतर्फ रू १४ खर्ब ८० अर्ब उठाउने सरकारी लक्ष्य रहेकामा असोज मसान्तसम्ममा वार्षिक लक्ष्यको १६ दशमलव ८३ प्रतिशत अर्थात् रू दुई खर्ब ४९ अर्ब पाँच करोड १४ लाख असुली भएको छ । यसैगरी रु ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान लिने लक्ष्य रहेकामा हालसम्म तीन दशमलव ७६ प्रतिशत अर्थात् रु दुई अर्ब ७२ लाख प्राप्ति भएको छ । *-रासस*




हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई